# स्वास्थ्यमा फड्को मार्दै टीकापुर

**योगेश रावल**

*टीकापुर, वैशाख २*

टीकापुर नगरपालिकाले चालू आर्थिक वर्षमा स्वास्थ्य सेवाको विकास र विस्तारमा फड्को मारेको छ। सबै वडामा स्वास्थ्य सेवा पुऱ्याउनुका साथै सेवाको गुणस्तरीयतामा समेत उल्लेख्य काम गरेको छ।

नगरपालिकाले वडा नं. ६ को बेलुवा (नारायणपुर) र वडा नं. ८ को बटनपुर (धनसिंहपुर) मा स्वास्थ्यचौकी सञ्चालन गरेको छ। ती साविक नारायणपुर र धनसिंहपुर गाविसअन्तर्गतका स्वास्थ्य केन्द्र हुन्। स्वास्थ्यचौकीमा सुत्केरी सेवा विस्तार गरिएको छ, जहाँ एचए र सिनियर अहेवको नेतृत्वमा ७/७ जना स्वास्थ्यकर्मीको टिम खटाइएको छ।

त्यस्तै चालू आर्थिक वर्षमा नगरपालिकाले विजयनगर, रामपुर, अस्नेहरी, मनिकापुर, सत्ती र भुँगामा सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएको छ। अहेवको नेतृत्वमा १ अनमी र १ कार्यालय सहयोगीको व्यवस्था गरिएको छ। ती सबै सहरी स्वास्थ्य केन्द्रमा गर्भवती र सुत्केरी जाँच हुने गरेको टीकापुर नगरपालिका स्वास्थ्य शाखाका प्रमुख बलबहादुर रावलले जानकारी दिए।



नारायणपुर वेलुवास्थित स्वास्थ्यचौकी भवन। *तस्बिर : नागरिक*

उनले स्वास्थ्यचौकी र सहरी स्वास्थ्य केन्द्रमार्फत् अन्य बिरामीको समेत नियमित स्वास्थ्य जाँच र औषधोपचार हुने गरेको बताए। नगरपालिकाले चालू आर्थिक वर्षमा ९ जना स्वास्थ्यकर्मी भर्ना गरी स्वास्थ्य संस्थामा खटाएको छ। यस्तै गर्भवतीलाई अस्पतालसम्म पुऱ्याउन निःशुल्क एम्बुलेन्ससमेत सञ्चालनमा ल्याएको छ। नगरपालिकाले रेडक्रस टीकापुरलाई एम्बुलेन्स खरिदका लागि ८ लाख सहयोग गरेको थियो। एम्बुलेन्स सेवा माघ महिनाबाट सञ्चालनमा आएको रेडक्रस टीकापुरका सभापति जगदीश्वर पण्डितले जानकारी दिए। 'गर्भवतीलाई अस्पताल पुऱ्याएबापत् पैसा तिर्नु पर्दैन,' उनले भने, 'सबै खर्च नगरपालिकाले उपलब्ध गराउँछ।'

> सबै वडामा स्वास्थ्य सेवा पुऱ्याउनुका साथै सेवाको गुणस्तरीयतामा समेत नगरपालिकाले उल्लेख्य काम गरेको छ।

नगरपालिकाले नगरवासीका लागि रगत जाँचको शुल्कसमेत आफैं तिरिदिने निर्णय गरेको छ। यसअघि रगत जाँच गरेबापत् सम्बन्धित व्यक्तिले रेडक्रस टीकापुरलाई तिर्नुपर्ने १२ सय रूपैयाँ नगरपालिकाले तिरिदिन थालेको छ। उनले एकजना बिरामीले एक महिनासम्म लगातार ३ पिन्ट रगतको निःशुल्क जाँच सेवा पाउने बताए।

*बाँकी पृष्ठ ग*

## स्वास्थ्यमा ...

उनका अनुसार अन्तिम पटक सेवा लिएको एक महिनापछि पुनः निःशुल्क सेवा पाउनेछन् ।

नगरपालिकाले टीकापुर अस्पतालमा बालरोग विशेषज्ञ सेवासमेत सुरु गरेको छ। बालबालिका बिरामी भएपछि उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यताको अन्त्य गर्न नगरपालिकाले मासिक दुई लाख बढी तलब भत्ता दिने गरी बालरोग विशेषज्ञ सेवा सुरु गरेको हो। नगरपालिकाको सहयोगमा बालरोग विशेषज्ञ डा. अमरनाथ ठाकुरले सेवा थालेका छन् ।

नगरपालिकाले टीकापुर अस्पतालमा स्त्रीरोग विशेषज्ञ सेवा सुचारु गर्ने बारेमा समेत पहल थालेको छ। नगरपालिकाले स्त्रीरोग विशेषज्ञ सेवा सुरु गर्न चालू आर्थिक वर्षको आगामी तीन महिनाका लागि सात लाख रूपैयाँ विनियोजन गरेको जानकारी दिएको छ। 'बजेट लगायतको सबै व्यवस्था भइसक्यो तर, चिकित्सक आउन नमानेका कारण सेवा सुरु हुन समय लाग्ने देखिएको छ,' शाखा प्रमुख रावलले भने।

स्वास्थ्य शाखाले अघिल्लो आर्थिक वर्षबाटै विभिन्न पाँच विद्यालयमा किशोरकिशोरी सेवाअन्तर्गत साथी शिक्षा कार्यक्रम लागू गरेको छ। ती विद्यालयमा अध्ययनरत छात्रछात्राहरूले स्वास्थ्य समस्याका बारेमा आपसी सरसल्लाह गर्ने गर्छन्। उनीहरूले एकअर्काको स्वास्थ्य समस्याका बारेमा उपचारलगायतका सल्लाह दिने गरेको शाखा प्रमुख रावल बताउँछन्।

टीकापुर नगरपालिकाका मेयर तपेन्द्रबहादुर रावलले नगरवासीले विगत लामो समयदेखि भोग्दै आएको स्वास्थ्योपचारको समस्या समाधानमा गम्भीर ढंगले काम गरिरहेको बताए। उनले नगरपालिकाले स्वास्थ्य सेवाका क्षेत्रमा गरेको कामको सकारात्मक प्रतिक्रिया आइरहेको बताए। टीकापुर अस्पतालमा बालबालिकालाई लक्षित गरेर एनआइसियु सेवा सुरु गर्ने बारेमा पहल भइरहेको उनले जानकारी दिए।

टीकापुर अस्पतालमा दक्षिण कोरियाली संस्था कोइकाले एनआइसियु भवन निर्माण गरिदिएको छ। जनशक्तिलगायतको अभावमा एनआइसियु भवन सञ्चालनमा आउन सकेको छैन। अस्पतालमा एनआइसियु सेवा नभएका कारण नवजात शिशुलाई स्वास्थ्य समस्या भए कोहलपुरस्थित शिक्षण अस्पतालमा रिफर गर्नुपर्ने बाध्यता छ। सुदूरपश्चिम प्रदेशअन्तर्गत सबै वडामा स्वास्थ्य सेवा पुर्‍याउने टीकापुर पहिलो नगरपालिका बनेको छ। प्रदेशमा रहेका ८८ स्थानीय तहमध्ये अझै ४० प्रतिशतका सबै वडामा स्वास्थ्य सेवा पुगेको छैन।

**सच्याइएको**

मिति २०७५।१२।३० गते प्रकाशित राहदानी हरायो भन्ने सूचनामा राहदानीवाहकको नाम जितेन्द्रकुमार थारु हुनु पर्नेमा अन्यथा भएकोले सच्चाइएको छ।

नयाँपत्रिकाबाट साभार